## चुम्लुङ रसमुर शाखाको प्रथम बैठक सम्पन्न

*छबि सेलिङ*

फ्लीट/गत ६ अक्टोबर २०१० बुधवारका दिन किरात याक्थुङ चुम्लुङ रसमुर शाखाको प्रथम बैठक संस्थाका अध्यक्ष श्रीमती लिला सेलिङ माबोको अध्यक्षतामा क्वेटा पार्क फ्लीटमा सम्पन्न भएको छ। संस्थाका सल्लाहकारहरू शोवर्ण नेम्वाङ, देवीबहादुर तुम्बाहाम्फे र रकम सिंह बेघाको उपस्थिति रहेको उक्त बैठकको संचालन समितिका सचिव मान तवेबुङले गर्नुभएको थियो।

उल्लेख्य रूपले समितिका पदाधिकारीहरू उपस्थित रहेको उक्त बैठकमा गत ११ सेप्टेम्वर २०१० का दिन कि.या.चु. रसमुर शाखाको नयाँ समिति गठन गर्दा अनुपस्थित सदस्यहरू लगायत सो शाखाको सांस्कृतिक विभागका थप सदस्यहरूलाई अध्यक्ष श्रीमती सेलिङ माबोबाट सपथ ग्रहण गराइएको थियो। यो प्रथम बैठकको मुख्य उद्देश्य भने समितिका पदाधिकारीहरूबीच एक आपसमा परिचय तथा अन्तरर्क्रिया गर्नु थियो।

उक्त बैठकमा संस्थाको कोष खडा गर्ने, चासोक तङनाम, वलिहाङ तङनाम मनाउने र संस्थाको सदस्यता वितरण गर्ने बारे छलफल भयो। संस्थाको लागि कोष खडा गर्न यही आउँदो वलिहाङ तङनाम (दिपावली)मा देउसी, भैलो खेल्ने निर्णय गरेको छ। स्थानीय रूपमा सबै लिम्बूहरूलाई संस्थामा संलग्न गराउनको लागि चाँडै सदस्यता बाँड्ने नयाँ समितिले मूल दायित्व ठानेको छ। बैठक सँगै संस्थालाई च्याब्रुङ प्रदान गर्नेको लाइन बढेको छ। संस्थालाई उपहार स्वरूप एक एक वटा च्याब्रुङ प्रदान गर्नुहुने सल्लाहकारहरूमा शोवर्ण नेम्वाङ, देवी तुम्बाहाम्फे, सुवास जवेगु, आशराज वोखिम, रकम सिंह बेघा र सदस्य चन्द्रकला लिम्बु तथा लिम्बु गहना प्रदान गर्नुहुने रसमुर शाखाको सचिव मान तबेबुङ, सह-सचिव एवं सांस्कृतिक विभागका संयोजक शान्ती खिम्दिङ सेलिङ र सदस्य यमकुमारी माबोलाई अध्यक्षले धन्यवाद दिनुभयो। समितिका अध्ययक्ष श्रीमती लिला सेलिङ माबोले पनि संस्थालाई च्याब्रुङ दिने हुनु भएको छ।

## विश्व नेपाली साहित्य महासंघ यूकेको गठन

पिटरबरो/गत अक्टोबर १८ मा क्याम्ब्रिजशायर, पिटबरोमा विश्व नेपाली साहित्य महासंघ यूकेको गठन भएको छ। विश्वभरि छरिएर रहेका लेखक साहित्यकारहरूलाई गोलबद्ध गरी आगामी दिनमा अझ परिस्कृत गर्दै आधुनिक तवरले अगाडि बढाउने उद्देश्यले गठन भएको सो यूके शाखाको कार्यकारिणी समितिमा हेल्प नेपाल यूकेका संस्थापक सदस्य तथा नेपाली साहित्य विकास परिषद यूकेमा सचिवदेखि उपाध्यक्षसम्म रहिसक्नु भएका लेखक साहित्यकार समिप हाङ्गबाङ्ग 'जर्जर' अध्यक्ष रहनु भएको छ भने उपाध्यक्षमा भरत पाण्डे, सचिवमा पवन शर्मा, कोषाध्यक्षमा मिन राई तथा सदस्यहरूमा केशव भण्डारी, प्रगति पाण्डे र नरेन्द्र फियाक रहनुभएको छ।

हाल सात जना मात्र रहेको सो समितिमा भविष्यमा अरू चार जना सदस्य थप गरी एघार जनाको कार्यसमिति हुन सक्ने पनि संघले जनाएको छ।

संघको कार्यसमिति गठन भए पश्चात विभिन्न संस्था लगायत नेपाली साहित्य विकास परिषद यूकेका संस्थापक सचिव तथा विश्व नेपाली साहित्य महासंघका केन्द्रीय उपाध्यक्ष सुरेशजंग शाहले यो देश र नेपालीको लागि अति महत्वपूर्ण कुरा हो भन्दै गठित कार्य समितिका पदाधिकारीहरूलाई बधाई ज्ञापन गर्नुभएको छ।

## प्लमस्टीडमा मगर संघको दसैं कार्यक्रम

*याम गर्बुजा पुन*

प्लमस्टिड/सधैंका वर्षहरू जस्तै यस वर्षको दसैं र तिहारको उपलक्ष्यमा मगर संघ प्लमस्टिड शाखाले गत १५ अक्टोबरका दिन दसैंको कालरात्री पारेर धुमधामको साथमा पार्टी सम्पन्न गऱ्यो। सो शाखाले पार्टी सुरू हुनु अगावै जनरल कमिटि मिटिङ पनि सोही दिनमा गरेको थियो जसमा सो शाखालाई कसरी विभिन्न कार्यक्रमसहित अगाडि बढाउन सकिन्छ भन्ने विषय बस्तुहरूमा वृहत छलफल भएको थियो। पार्टी बेलुकीको ६ बजे सुरू भई बिहान १ बजे समाप्त भएको थियो।

कार्यक्रमको सुरूवात शाखाका सेक्रेटरी दलप्रसाद थापाले हलभित्र रहँदा सुरक्षा अनि आपतकालीन समयमा के गर्ने भन्ने बारेमा छोटो जानकारीबाट सुरू भई शाखाका अध्यक्ष चन्द्रबहादुर पुलामी मगरले उक्त पार्टीको उद्देश्य र पार्टीमा उपस्थित महानुभावहरूलाई यस दसैंको उपलक्ष्यमा छोटो स्वागत मन्तव्य र शुभकामना दिने कार्यक्रम गर्नु भएको थियो। सो पार्टीमा विभिन्न व्यक्तिहरूले स्पोन्सर गर्नुभएको थियो। जसमा द नमस्ते रेष्टुरेन्टका संचालक पदम राना, अवेदा हेयर एण्ड ब्यूटी लिमिटेडका संचालिकाद्वय कल्पना र संगीता, त्यसैगरी लुम्बिनी स्टोरका संचालक नारायण किशोर पुन र द गोर्खा क्लवका संचालक महेन्द्र शाक्य हुनुहुन्थ्यो। साँझलाई नाचले भरपुर मनोरञ्जन दिलाउन सफल भएको थियो। तिर्थकुमार थापा, देवेन्द्र थापा र जितपाणी रानाले नाचगानको कार्यक्रम सञ्चालन गर्नु भएको थियो। पार्टीकै शिलशिलामा रातीको ठीक १२ बजे सम्पूर्ण हलभित्रको बत्तिहरूको स्वीच अफ गरी कालरात्रीको अनुभव सबैलाई गराइएको थियो। पार्टीमा विभिन्न स्वादिष्ट भोजन द नमस्ते रेष्टुरेन्टले उपलव्ध गराएको थियो। पार्टीको आखिरी भागमा आएर तिर्थकुमार थापाले विभिन्न खाले ककटेल गीतहरूले सम्पूर्ण उपस्थित मान्यजनहरूलाई स्टेजमा ल्याई नचाउन सफल हुनुभएको थियो।

अन्तमा सचिव दलप्रसाद थापाले यस्तै यस्तै विभिन्न रोचक र रमाइला जम्काभेटका कार्यक्रमहरू भविष्यमा सो मगर शाखाले ल्याउने वाचा गर्दै पार्टी समाप्तको घोषणा राति १ बजेतिर गर्नुभएको थियो।

## नेपाली राजदूतावासमा दसैं समारोह

लण्डन/नेपाली राजदूतावास, लण्डनको आयोजनामा दूतावासकै प्राङ्गणमा १६ अक्टुवर २०१० शनिवारका दिन विजया दशमी - २०६७ उल्लासमय वातावरणमा मनाईयो। बेलायतमा वस्ने संपूर्ण ईच्छुक नेपाली दाजुभाइ तथा दिदीवहिनीहरूलाई आमन्त्रण गरिएको उक्त कार्यक्रममा बेलायतका लागि नेपाली राजदूत महामहिम डा. सुरेशचन्द्र चालिसे तथा श्रीमती डा. मिलन अधिकारी (चालिसे) र दूतावास परिवारका सदस्यहरूले उपस्थित पाहुनाहरूको स्वागत गर्नुभएको थियो।

विभिन्न पेशा, क्षेत्र र कार्यमा संलग्न सवै उमेर समुहका बेलायतमा वस्ने नेपालीहरू तथा नेपालका शुभचिन्तक बेलायती मित्रहरूको पनि उक्त अवसरमा उल्लेख्य उपस्थिति रहेको थियो। आमन्त्रितहरू वीच आपसमा दसैंको शुभकामना आदान प्रदान गर्नुका साथै उक्त अवसरमा दूतावासका तर्फवाट दिवाभोजको आयोजना गरिएको थियो।

राजदूतावास परिसरमा रहेको मन्दिरमा भक्तजनहरूले दर्शन गर्दै उल्लासमय वातावरणमा नेपाल र नेपाली जनतामा सुख, शान्ति, समृद्धि छाओस् भन्ने शुभकामना आदान प्रदान गरेका थिए। कार्यक्रम अपरान्ह १२.३० वजे सुरू भई साँझ अवेरसम्म चलेको थियो।

## ग्लास्गोमा साँस्कृतिक कार्यक्रम गरिने

*कृष्ण देवकोटा*

ग्लास्गो/स्कटल्याण्ड स्थित ग्लास्गो सहरमा रहेको ग्लास्गो नेपाली एसोसिएसनको आयोजनामा आगामी नोवेम्वर १ तारीखका दिन दसैं तिहारको उपलक्ष्यमा एक सास्कृतिक कार्यकम हुने भएको छ। आयोजकले दिएको जानकारी अनुसार कार्यक्रम ग्लासगोको भिक्टोरीया हलमा दिनको ४ वजेवाट सुरू हुनेछ जस्मा विभिन्न नेपाली नाच, गान , प्रहसन तथा विभिन्न रोचक प्रस्तुतीका साथमा सुभकामना आदान प्रदान पनि गरिने छ।

उक्त कार्यक्रममा बेलायतबासी सम्पूर्ण नेपाली दाजुभाइ दिदीबहिनीहरूलाई उपस्थित भई मनोरञ्न लिनको लागी आयोजकहरूले हार्दिक आमन्त्रण गरेका छन्।

## रेशमबहादुर ....

फर्किएपछि घरमा खाना बनाउने तयारी गरिरहेको अवस्थामा गत ११ सेप्टेम्बर २०१०, शनिबारको दिनमा अचानक ढलेपछि एम्बुलेन्स बोलाई उपचारको लागि रोयल लण्डन अस्पताल पुऱ्याइएको तमुको भोलीपल्ट १२ सेप्टेम्बर आईतबारको दिनमा उपचारकै क्रममा अस्पतालमै देहावसान भएको थियो। वहाँको हृदयघातबाट मृत्यु भएको पुष्टि गरिएको थियो। केही बर्ष अगाडीदेखि मुटुको समस्याले ग्रसित तमुले रक्तचापको औषधि पनि सेवन गरिरहनु भएको थियो।

स्वर्गीय बुवाको अन्तिम क्रियाको लागि नेपालबाट बेलायत आउने भिसाको लागि बेलायती दुतावास काठमाडौंमा भिसा आवेदन दिएको छोरा नरजङ्ग ग्हिल तमुलाई भिसा पाउने या नपाउने निर्णय ढिलाईको कारणले गर्दा दाहसंस्कार कार्य एक महिना ढिलो हुन पुगेको थियो भने अन्ततः छोरा नरजङ्गलाई बेलायत आउने भिसा अस्वीकृत गरिएको थियो। छोरीहरू गीता ग्हिला तमु र दुरपती ग्हिला तमु भने क्रमशः हङ्गकङ्ग र जर्मनीबाट समयमा नै बेलायत आईपुग्नु भएको थियो।

सन १९५१ मा खिलुङ्ग देउराली गा.बि.स. वडा नं. ६, खिलुङ्ग, स्याङ्जामा जन्मनु भएका स्वर्गीय रेशमबहादुर ग्हिल तमु (२११५९३५४ - २/२ जिआर) ले बेलायती सेनाबाट सन १९८४ मा अवकास लिनुभएको थियो भने वहाँ सन २००६ देखि श्रीमती प्रेमकुमारी तमुसहित बेलायतमा बस्दै आउनु भएको थियो। वहाँ जिफोरएस सेक्युरिटी कम्पनीमार्फत सन २०१२ मा हुन गइरहेको ओलम्पिक खेलको लागि निर्माणधिन ओलम्पिक स्टेडियम, स्टार्टफोर्डमा सेक्युरिटी अफिसरको रूपमा कार्यरत हुनुहुन्थ्यो।

स्वर्गीय रेशमबहादुर ग्हिल तमुको अन्तिम संस्कार परम्परागत तमु संस्कार अनुसार सम्पन्न गरिएको थियो। जसको लागि तमु कुल-धर्म अनुसारको तमु धर्मगुरू (पच्यु-क्लेह्प्री) लगायत संस्कार अनुसारको अन्य आवश्यक सबै प्रवन्ध मिलाइदिनको लागि तमु प्ये ल्हु संघ युकेलाई अनुरोध गरिएको थियो भने सो सम्बन्धी व्यवस्थापनको सम्पूर्ण जिम्मेवारी संघका अध्यक्ष जगत फ्हच्यु तमुले बहन गरी सहयोग गर्नु भएको थियो। वहाँको अन्तिम संस्कारको लागि अन्य पारिवारिक व्यवस्थापन भने तमु ह्ये तमु समाजका अध्यक्ष ले. डमबहादुर तमु र सचिव ले. लाल तमुको सहयोगमा ज्वाँई कर्ण तमु र छोरा भक्तबहादुर ग्हिला तमुले मिलाउनु भएको थियो।

अन्त्येष्टि क्रियाको क्रममा तमु ह्ये तमु समाजका सचिव ले. लाल तमुले स्वर्गीय रेशम बहादुर ग्हिल तमुको जीवनीबारे जानकारी गराउनु भएको थियो भने पच्यु पैंडी चिवा यारजङ्ग क्रोम्छे तमुले कुल-धार्मिक "प्ये" अनुसार मृतकको चिर शान्तिको लागि श्रद्धान्जली स्तुति गाउनु भएको थियो। स्वर्गीय तमुको पार्थिव शरिरमा श्रद्धासुमन अर्पण गर्नको लागि सयौं आफन्तजन, शुभचिन्तक, नम्बरीहरू एवं संघ-संस्थाहरू समाधिस्थलमा उपस्थित भएका थिए। जसमा तमु प्ये ल्हु संघ, पैयुँखोला तमु समाज, गोर्खा जिल्ला तमु समाज, गोर्खा भु.पु. सैनिक संघ, नेपाली हेल्प टिम र राम बजार सोसाईटीले संस्थागत रूपमा श्रद्धासुमन चढाएका थिए। त्यस्तैगरी लण्डन २०१२ ओलम्पिकको जिफोरएस साईट म्यानेजर साउन प्राइसले कम्पनी तथा सहकर्मीको तर्फबाट श्रद्धासुमन अर्पण गर्नु भएको थियो।

नेपालबाट आफ्नो छोरा नरजङ्ग ग्हिला तमु स्वर्गीय बुवाको किरियाको लागि आउन नपाएपछि भाइ खलकका छोराहरू खड्क ग्हिल तमु र जीत ग्हिल तमुले र छोरीहरू गीता ग्हिला तमु र दुरपती ग्हिला तमुसँगै छोराको रूपमा प्रस्तुत भई सबै कर्तव्य पूरा गर्नु भएको थियो भने ज्वाँई कर्ण तमु र बहिनी ज्वाँई खडक तमुले तमु परम्परा अनुसार "म्हो"को भूमिका निर्वाह गर्नु भएको थियो। त्यस्तैगरी तमु समाजमा अति नै महत्वपूर्ण आस्यों (मावली)को भूमिका विकास तमुले निभाउनु भएको थियो।

तमु कुल-धर्म अर्थात तमु परम्परा अनुसार अन्तिम क्रिया सम्पन्न गराउनको लागि तमु धर्मगुरूहरू पच्यु पैंडी चिवा यारजङ्ग क्रोम्छे तमु, पच्यु जीत क्रोम्छे तमु, पच्यु बुद्धीमान कुप्छे तमु, पच्यु मन प्रसाद क्रोम्छे तमु, क्लेह्प्री चिवा मीन टु तमु, क्लेह्प्री चिवा मौतसिङ्ग म्होब्छे तमु र क्लेह्प्री हिरा म्होब्छे तमुले धार्मिक प्रवचन गरी मृतात्मलाई स्वर्गवास गराउने संस्कारिक प्रक्रिया पूरा गराउनु भएको थियो।

हाल वहाँकी श्रीमती प्रेम कुमारी तमु वहाँको माइला दाईको छोरा भक्त बहादुर ग्हिला तमुसँग टिथओर्थमा आश्रय लिई रहनु भएको छ। वहाँको एक्लो छोरा नरजङ्ग ग्हिल तमु नेपाल, जेठी छोरी हङ्गकङ्ग र कान्छी छोरी जर्मनीमा छिन्।

## साप्ताहिक राशिफल ज्यो.प. ददिराज शर्मा/rasi@nepalisandesh.com

२०१०/१०/२७ बुधबार देखि २०१०/११/०२ मंगलबार सम्म

**मेष** — अध्ययन अध्यापनमा सफलता मिल्ने देखिन्छ। आफन्तहरुबाट अपेक्षा गरिएभन्दा बढी सहयोग मिल्नेछ। स्वास्थ्यमा भने त्यति राम्रो सुधार हुने छैन। रोजगारमा सफलता मिल्ने छ।

**वृष** — व्यापारमा सुधार आउने देखिन्छ। पराक्रम तथा अन्य काम बन्ने र नयाँ काम पाउने सम्भावना छ। साथीभाइबाट खासै सहयोग देखिंदैन। शान्त रहनुहोला। पारिवारिक झमेला आउन सक्छ।

**मिथुन** — साता मध्यम छ। धेरै उन्नतिको अपेक्षा नलिनुहोला। सानै प्रयासले पनि ठूलो काममा सफलता मिल्नेछ। कुरा काट्नेदेखि सजग रहनुपर्ला। व्यापारमा पनि राम्रै देखिन्छ। साताको अन्त्यतिर समय राम्रो छैन।

**कर्कट** — अरूको विश्वास गर्नु उचित नहोला। शत्रुसित सजग रहनुहोला। इष्टमित्र तथा साथीभाइहरूसँग दिनहरू वित्नेछन्। मन प्रशन्न रहनेछ। मिष्ठान्न भोजन तथा अन्य भोजभतेरमा पनि सहभागी हुने योग छ।

**सिंह** — रमाइलो यात्रा होला। साताको सुरूका दिनमा मानसम्मान पाउने देखिन्छ। सहजै अरूको हृदयमा राज गर्न सकिनेछ। नचिताएको सफलता पाइएला। साता खर्चिलो र भड्किलो रहने छ।

**कन्या** — आर्थिक कारोवार सामान्य रहनेछ। दान धर्ममा रूची बढ्नेछ। समय समष्टिमा राम्रो छ। सुरूमा सानातिना विवादमा मुछिनु परे पनि समाधान हुनेछ। लोभ लालच बढ्ने छ। धेरै नबोल्नु नै बेश हुने छ।

**तुला** — साता सामान्य छ। सुरूका दिनहरूमा खर्च बढ्नेछ। नोकरीमा सफलता मिल्नेछ। राजनीतिमा मन जानेछ। साहित्य लेखनमा पनि ध्यान जाने छ। आर्थिक रूपमा साता वलियो छ।

**वृश्चिक** — आम्दानीभन्दा खर्च बढी हुन सक्छ। उचित समयमा उचित निर्णय गर्न नसक्नु भूल हुनेछ। कृषि क्षेत्रबाट सफलता पाइने छ। मन ब्यापारमा तानिने छ। आफ्नै कारण समस्या उत्पन्न हुनसक्ने देखन्छ।

**धनु** — घरेलु समस्याले सताउला। बोलीको प्रभाव रहने छैन। मनमा तर्क वितर्कले डेरा जमाउनेछ। शत्रु वलवान भएकोले संकट आउन सक्छ। समय खासै राम्रो देखिंदैन कुनेपनि नयाँ काम नगर्नु नै बेश हुने छ।

**मकर** — साता राम्रो छ। रमाइलो यात्रा होला। विभिन्न सेमिनार तथा गोष्ठीहरूमा सहभागी भइने छ। दिनहरू रमाइलोसँग वित्नेछन्। स्वास्थ्य क्षेत्रमा पनि सुधार हुँदै जाने छ।

**कुम्भ** — सुरूका दिनमा केही बाधाहरुको सामना गर्नुपरेपनि सफलता मिल्नेछ। सानो काममा बढी मिहेनत गर्नुपर्ला। साताको अन्त्यतिर समय राम्रो छ। आफू बसेको ठाउँ छोडेर विदेश जाने योग देखिन्छ।

**मीन** — मानसम्मानको योग छ। धेरै कामहरूमा सफलता हात लाग्नेछ। विग्रिएका कामहरू सुधार हुँदै जानेछन्। रमाइलो यात्रा होला। धन आर्जन गर्ने सुअवसर मिल्नेछ। शिक्षामा भने त्यति राम्रो देखिदैन।

DK Accountancy

Our Services :

Business startups
Customised business advice
Accounting system setup
Book keeping services
VAT returns
Payroll (PAYE) administration
Accounts preparation
Tax computations & returns
Management reporting

DK Accountancy Chartered Certified Accountants

Sundar Khatiwada FCCA, MBA
02085757684/07727262201
Allied Sainif House
412 Greenford Road
Greenford, Middlesex
UB6 9AH

KAZMEEZ IMMIGRATION SERVICE LTD

सहुलियत दरमा भरपर्दो अध्यागमन सेवा

Immigration Advice & Services

Phone: 01414273353 Mobile: 07971620086
Fax, 01414276575

Our Services:

- Tier 1 General – Highly Skilled – SAME DAY
- Tier 1 Entrepreneur
- Tier 1 Post study Work (SAME DAY)
- Tier 2 General – Skilled Worker (Work Permit)
- Tier 2 Religious Minister
- Tier 2 Sport Person
- Tier 4 Students
- PBS Extensions & Dependents Application

**Settlement (PR) – Same Day Service**
**British Nationality**
**Certificate of Approval – COA**
**Marriage Visa**
**Sponsorship**

**100's of Satisfied Nepali Client**

**Head Office,**
**321 Paisley Road West, Glasgow**
**G51 1LU**

**Branch Office**
232 King Street
Aberdeen
AB24 5BW

Email: info@kazmeez.co.uk
Web: www.kazmeez.co.uk

आफ्नै सुचना

नेपाली सन्देश साप्ताहिकको वार्षिक वा अर्धवार्षिक ग्राहक बन्न चाहनुहुन्छ वा कुनै सुचना वा विज्ञापन प्रकाशित गर्न चाहनुहुन्छ भने कृपया फोन नं. 01733269772 /07723368496 मा सम्पर्क गर्नु होला।
अथवा
Info@nepalisandesh.com मा इमेल गरेर आफ्नो फोन नं उपलव्ध गराउनु होला, हामी सम्पर्क गर्नेछौं।

विदेशमा दु:खले कमाएको पैसा आफ्नो परिवारसम्म ढुक्कले पठाउन सकिने भरपर्दो माध्यम

IME International Money Express
Fast, reliable & secure remittance

*Receive money just in minutes over 1000 location anywhere in Nepal.*

*Deliver your cash worldwide…………*

*Nepal, Malaysia, Bangladesh, Pakistan, Sri Lanka, Vietnam, Philippines, India, Hong Kong, Singapore and Many other countries:*

| London | Harrow | Harrow | Aldershot |
|---|---|---|---|
| IME Limited | Uniglobe Exchange Ltd | Rayners Food & Wine | Global Home Ltd |

| Aldershot | Plumstead | Plumstead | Ashford | Reading |
|---|---|---|---|---|
| Gurkha Jewellery Ltd | Bhandaries Limited | Gurkha Agency Ltd | Variety Cash & Carry | Munchees |

*International Money Express (IME) Limited*

Pentax House, Northolt Road, South Harrow, Middlesex, HA2 0DU
Phone: 02077002134/ 02089384619 Fax: 02089384632 E-mail: imeuk@imeremit.com
www.imeremit.com